# नवदुर्गा गाउँपालिका

# आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम

**नवदुर्गा गाउँपालिका, डडेल्धुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**<u>नवदुर्गा गाउँपालिकाको दोश्रो गाउँसभाको पहिलो अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री लक्ष्मी प्रसाद अवस्थीज्यूवाट प्रस्तुत नीति तथा कार्यक्रम २०७९।०८०</u>**

**उपाध्यक्ष ज्यू गाउँसभा सदस्यज्यू हरु लगायत अन्य उपस्थित महानुभावहरु,**

जनताद्वारा, जनताले र जनताका लागि भनेर उदघोष गरिने लोकतान्त्रिक व्यवस्थाको प्रबन्ध गर्ने वि सं २०७२ मा जारी भएको संविधान मार्फत स्थापित यस नवदुर्गा गाउँपालिकाको दोश्रो गाउँसभामा सभाध्यक्षको हैसियतले आगामी आ व २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवशाली र जिम्मेवार ठानेको छु । यस सँगैराष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, संघर्ष,त्यागर बलिदान प्रति उच्च सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली स्थापनाका निम्ति आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रर्द्धाञ्जली अर्पण सहित बिभिन्न कालखण्डमा राष्ट्र निर्माणका क्रममा घाईते, अपांगता भएका सम्पूर्ण देशप्रेमी व्यक्तित्वहरु, टुहुरा परिवारजन, बेपत्ता र तिनका परिवारजनहरुलाइ पुनः स्मरण गर्दै सत्य निष्पक्ष मन वचन र कर्मले सदा जनताको सेवामा सर्मपण हुने प्रेरणा मिलोस भन्ने कामना गर्न चाहन्छु ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित नेपालको संविधान २०७२ को कार्यान्वयन स्वरुप २०७९ बैशाख ३ गते स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएको छ ।उक्त निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र मर्यादित वातावरणमा सफलतापूर्वक सम्पन्न गराई नेपाली लोकतन्त्रलाई अझ बलियो र प्रगाढ बनाउन सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै निर्वाचनमा विजयी भएका सम्पूर्ण जनप्रतिनिधि ज्यूहरुलाई बधाई ज्ञापन गर्न व्यक्त गर्न चाहान्छु ।

स्थानीय तह दोश्रो निर्वाचन पश्चात गठित सरकार भएको सन्दर्भमा विगतको सरकारका असल अभ्यासलाई निरन्तरता दिदै आम जनाताका हीत अभिवृद्धिका लागि अझै लगनशीलताका साथ समर्पित हुने कुरा जानकारी गराउन चाहान्छु ।साथै उपलब्ध सीमित श्रोत साधन र असीमित जनचाहाना बीच तादम्यता कायम गर्नु पर्ने चुनौती हामी समक्ष रहेका बेला मौलिक परिवेशमा उपलब्ध सीमित श्रोत साधनको आदर्श अभ्यास मार्फत जनताको सर्वोपरी हीत गर्नु हाम्रो एक मात्र अभिन्न लक्ष्यबाट नवदुर्गा सरकार कहिल्यै विमुख नहुने प्रतिवद्धता समेत यस ऐतिहासिक गाउँसभा मार्फत आम नवदुर्गा गाउँपालिका वासीमा निवेदन गर्न चाहान्छु ।

नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गतधारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९(स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम आर्थिक बर्ष २०७९।०८० को नवदुर्गा गाउँपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय गाउँसभामा पेश गरेको छु ।

**उपाध्यक्ष ज्यू सहित सभाका सदस्य ज्यूहरु,**

पहिलो स्थानीय सरकारको कार्यकाल समाप्त भई दोश्रो सरकार स्थापना समेत भई सकेको सम्दर्भमा जनताका चाहनाहरु हाम्रा लागि मार्गदर्शनको रुपमा संश्लेषण भएका छन । यीनै संश्लेषित मार्गदर्शनहरुलाईं नवनिर्वाचित सरकारको दूरदृष्टि सँग तादात्म्यता कायम गरी जनताको हीतमा केन्द्रित गरिनेछ ।

**<u>मुलभुतनीतिहरु</u>**

- उत्पादन उत्पादकत्व वृद्धि,पूर्वाधार निर्माण,गुणस्तरिय शिक्षा,स्वास्थ्य,आत्मनिर्भर कृषि प्रविधि,खानेपानी र विद्युतमा पहुँच,मानव पूजि निर्माण र रोजगारी सिर्जना बहुआयामिक गरिबिको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन संघीयताको सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिनेछ ।
- वार्षिक वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी,दिगो विकास लक्ष्य र जलवायु अनुकुल सम्बन्धी बजैट कोड अवलम्बन गरिनेछ ।
- कोरोना भाइरसको जोखिम कायमै रहेकाले विश्व स्वास्थ्य संगठनले अघि सारेका रोकथामका उपायहरु अवलम्वन गर्ने कार्यलाई अभियानका रुपमा जोड दिदै खोपको सुनिश्चितताका लागि केन्द्र सरकार सँग समन्वय सहकार्य गर्दै गाउँपालिकामा रहेको अस्थायी अस्पताललाई आधारभुत अस्पतालमा रुपान्तरण गरि सेवा प्रवाह गर्ने नीति लिइनेछ ।
- दीगो विकासको लक्ष्य प्रति राज्यले जनाएको प्रतिवद्धता पुरा गर्न यस स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुलाई तदनुरुप एकीकरण गरिनेछ ।
- जनताको जीवनस्तर सुधार हुने गरी उत्पादनमुलक र रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- सेवा प्रवाहलाई सूचना तथा संचार प्रविधिसंग आवद्ध गर्दै पारदर्शी र सुशासन युक्त सेवा प्रवाहमा जोड दिइनेछ ।
- गाउँपालिकामा संचालित ठुला तथा साना विकास आयोजना कार्यक्रमलाइ परिणाममुखी र यथार्थपरक बनाउन सघन अुनगमन कार्य लाई निरन्तरता दिइनेछ ।

- विद्यमान राष्ट्रिय नीतिहरु, प्रादेशिक नीतिहरु, प्रचलित कानूनहरु र राज्यले अन्तराष्ट्रिय मञ्चमा जनाईएका प्रतिवद्धताहरु परिपुर्ति गर्ने दिशामा यस स्थानीय तहका कार्यक्रमहरुलाई केन्द्रित गरिनेछ ।
- ठुला पुर्वाधार आयोजनाको गुणस्तरीयता, दिगोपना र आवश्यकताको परिपुर्तिलाई मध्यनजर गरि बिस्तृत लागत सर्भेक्षण सँगै वहुवर्षीय आयोजनाहरु कार्यान्वयनमा लैजाने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय विकास योजनाको अवधारणा अनुरुप आवश्यक आयोजनाहरुको पहिचान, मूल्यांकन तथा प्राथमिकीकरण गरि आयोजना बैङ्क तयार पारी आफ्नो स्रोत बाट सम्पन्न गर्न सकिने, केन्द्र तथा प्रदेश सरकार मार्फत सम्पन्न हुने आयोजनाहरुको बर्गिकरण गरि आयोजना बैङ्क तयार पार्ने र क्रमशः कार्यान्वयन गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- सामाजिक परिचालन मार्फत लक्षित,बिपन्न तथा सिमान्तिकृत बर्गको सशक्तिकरण, उत्थान र मुलप्रवाहीकरणमा जोड दिइनेछ ।
- विकास प्रशासनमा शुसाशन प्रबर्दनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण,नागरिक हेल्प डेस्क,गुनासो सुनुवाइ व्यवस्थापन जस्ता कार्यक्रमलाई निरन्तरता दिई पारदर्शिताको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाको आर्थिक, सामाजिक विकास र समृद्धिको लागि राजनीतिक दल, करदाता, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज, निजि क्षेत्र, सहकारी क्षेत्र लगायत सम्पुर्ण जनताको सल्लाह र सुझाव लिदै विकासका लागि हातेमालोमा जोड दिइनेछ ।
- गाउँपालिकामा रहेको न्यायिक समितीलाई मेलमिलापका माध्यमबाट विवाद समाधान गर्न न्यायिक समितिको क्षमता बिकासमा जोड दिदै देवानी संहिता ऐनमा ब्यवस्था भएका ब्यवस्थाहरुको जानकारी एवं प्रचार प्रसार गर्दै सामाजिक अपराध रहित समाजको परिकल्पना गर्दै न्यायिक समितीको भुमिकालाई प्रभावकारी बनाइनेछ ।
- विद्यालयमा शिक्षिका किशोरीहरुलाई कानुनको वारेमा जानकारी गराउदै उक्त समिति मार्फत महिला शसक्तीकरण कार्यमा जोड दिई सभ्य सुसंस्कृत समाज निमार्णका लागि न्यायिक समितिको भुमिकालाई थप केन्द्रित गर्दै लगिनेछ ।
- सुशासन तथा पारदर्शिताका लागि सुचना प्रविधिको प्रयोग मार्फत मोवाइल एप, वेबसाइट, पोर्टल र फेसवुक पेजका माध्यमबाट हातहातमा गाउँपालिकाका गतिबिधिको पहुँच पुर्याउन प्रविधिको विकासमा जोड दिइनेछ ।

## पूर्वाधार विकास

**सडक तथा पुल पुर्वाधार**

- गाउँपालिकाको केन्द्र जोड्ने सडकहरु मध्येबाट कोटेली-चोरा-गाउँपालिका,रडुवा-वडम-फिन्देउ-गाउँपालिका, डाडावन-घुप्ता-गाउपालिका, रडुवा-बेडुपानी-दावली-घुप्ता-गाउपालिका, सिरोड-बेलापुर-गाउँपालिका, मम्मे-गिल्ला-सुवाकोट-बेलापुर, खोडानेटा-चामा-स्लेक-गाउँपालिका सडकमा बाह्रै महिना यातायात संचालन हुने व्यवस्था मिलाईने छ ।
- खसरेखान शेरी पलेथर सडक लाई गाउपालिका स्तरीय गौरवको योजनाका रुपमा लिई उक्त सडक स्तरोन्नति गरिनेछ ।
- संघ तथा प्रदेश सरकारवाट यस स्थानीय तहमा निर्माणाधीन एंव वजेट विनियोजन गरिएका सडकहरु डाडावन-कुरगेडी-घुप्ता,पोखरा –बेलापुर सडक यथाशीघ्र सम्पन्नताका लागि सम्वन्धित निकाय संग पहल गरिनेछ ।
- बुङरा - बडम जोडने सडक आगामी आ.व मा निर्माण सम्पन्न गरिनेछ ।
- कोली घट्ट,बेडुपानी मोटोरेवल पुल,कोराल - मम्मे मोटोरेवल पुल,चामागाड मोटरेवल पुल,सिरोड - सेरागाड मोटरेवल पुल निर्माणका लागि संघ तथा प्रदेश सरकार संग अनुरोध गरिनेछ ।
- स्थानीय आवश्यकता पहिचान गरी झोलुङ्गेपुल निर्माणका लागि संघ तथा प्रदेश सरकार संग अनुरोध गरिनेछ ।
- स्थानीय सडक मर्मत संभारका समुह परिचालन मार्फत समेत गरिनेछ र सडकहरुको ७ मिटर वरपर सडक क्षेत्राधिकार कायम राख्दै सडक माथी घर टहरा बनाउने प्रवृति निरुत्साहित गरिनेछ ।
- सडक गुरुयोजना बनाई आवश्यकता अनुसारसंक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन गरी सडक निर्माण गरिनेछ ।
- गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र सँग आवद्ध गर्ने सडकहरु एवं अन्य शाखा सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ । ब्यवस्थित सडक निर्माणको लागि स्थानीय यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्र एवम सम्वन्धीत निकायको समन्वयमा आबस्यक प्रक्रिया अगाडी वढाउने निति अवलम्बन गरिने छ ।

**<u>खानेपानी तथा सरसफाइ</u>**

- अनाधिकृत रुपमा पानीका मुहानहरु नियन्त्रणमा लिने प्रवृतिलाई निरुत्साहित गर्दै आम जनताको खानेपानी प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिनेछ । साथै खानेपानी मुहान दर्ता प्रक्रियालाई अगाडि बढाईनेछ ।

- आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित रहेका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवा पुर्याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिई सञ्चालन गरिनेछ ।
- खानेपानी योजना अन्तर्गत सिउरा - अनालावाटा खानेपानी, ढाणखोला कोटेली वृहत खानेपानी,रुजेखोला - असुर्पा खानेपानी, वेडुपानी- रावतगाउ खानेपानी, मणिलेक वृहत खानेपानी अन्तर्गत वगाल र वडममा खानेपानीको व्यवस्था मिलाउनेर नवदुर्गा - वेलापुर खानेपानी, गंगानाला-गणवस्ति खानेपानी, मम्मे-कोरणी खानेपानी, वेलापुर-सुवाकोट खानेपानी, मौर्यान खानेपानी निर्माणका लागिसंघ तथा प्रदेश सरकार सगँ पहल गरिने छ ।
- संघ सरकारवाट निर्माण हुने तिम्ला - वेलापुर लिफ्ट खानेपानी योजना¸ठाटा - खाडाखोरी खानेपानी योजना निर्माका लागि यथाशिघ्र पहल गरिनेछ ।
- सेती नदीको पानीलाई लिफ्ट प्रविधि मार्फत नवदुर्गा गाउँपालिकाका सम्भव भएसम्मका स्थानमा सिचाई तथा खानेपानीको व्यवस्था गर्न संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- यस आ.व.मा शुद्ध पिउने पानीलाई प्रमुख प्राथमिकता दिई खानेपानीको अभावलाई न्युन गर्न र सबै बस्ती समुदाय तथा ब्यक्तिहरु सम्म पानीको सहज आपुर्ति गर्ने कार्य अगाडी बढाईनेछ ।
- खानेपानीको चरम अभाव रहेका कोटेली,मणिलेकको वगाल वडम वस्ति,ठाँटा आदि बस्तीहरुमा खानेपानी आपुर्ति गर्न प्रदेश तथा संघ सरकारको समन्वयमा आगामी आ.व.मा निर्माण प्रक्रिया अगाडी वढाइनेछ ।
- खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ र जसका लागि अनिबार्य पानी महशुल को निति अवलम्वन गरिनेछ ।
- खानेपानी मुहान देखि मुख सम्म सफा राखौ भन्ने मान्यताका साथ खानेपानी शुद्धीकरणका क्रियाकलापहरुलाई जोड दिइनेछ । यस्ता क्रियाकलापहरुमा उपभोक्ता जागरण तथा प्रोत्साहन नीतिलाई निरन्तरता दिदै उत्कृष्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।

**भवन निर्माण**

- “सुरक्षित, किफायती र वातावरणमैत्री भवन” सोच अनुरुप भवन निर्माण गर्दै नक्सापास गरी घर निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- वडा नं ४ को कार्यालय भवन निर्माण कार्य आगामी आ व मा प्रारम्भ गर्दै अन्य वडा कार्यालयका भवनहरु स्तरोन्नति गरिनेछ ।

- आधारभुत स्वास्थ्य केन्द्र ,स्वास्थ्य संस्था र गाउँ घर क्लिनिकका भवनहरु क्रमसः निर्माण गर्दै लगिने र आवश्यकता अनुसार भवन पुर्वाधार निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्य चलिरहेकोमा आगामी आ.व.मा प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी सोही भवन बाटै सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- बिद्यालय भवनहरु संघ सरकार तथा प्रदेश सरकारको समन्वयमा निर्माण गर्दै विद्यालयका भवनहरु निर्माणमा जोड दिइनेछ ।

**<u>आवास तथा पुर्ननिर्माण र एकिकृत वस्ति विकास</u>**

- सुरक्षित नागरिक आवास कार्यक्रमको मर्मलाई आत्मसाथ गरी फुसका छाना विस्थापित गरी जस्ताका छाना लगाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- जोखिममा रहेका वस्ति पहिचान गरी त्यसको व्यवस्थपनका लागि पहल गरिनेछ ।
- वडा नं ४ को गिल्ला क्षेत्रमा महिला सुत्केरी हुदा सुरक्षित आवासको समस्या रहेकाले उपयुक्त स्थान पहिचान गरी सुविधा सम्पन्न सुत्केरी आवास गृह निर्माण गरिनेछ ।
- भुमिहिन अल्प संख्यकहरुको तथ्याङक लगत खडा गरि उनीहरुको ब्यवस्थित बसोवासको ब्यवस्था मिलाउन नेपाल सरकार भुमि ब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय संगको सहकार्यमा जनता आवास कार्यक्रम र शहरी विकास मन्त्रालय संग आवस्यक समन्वय सहकार्य गरिनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका जोखिम युक्त वस्तीहरु तथा वस्तीमा रहेका घरहरुको समुचित मर्मत तथा निर्माणको कार्यलाई संघ सरकारको समन्वयमा सुरक्षित नागरिक आवास नीति अन्तर्गत घरका छाना पुर्नः निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

**<u>सिचाई</u>**

- कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुविधा उपलब्ध गराउन सिँचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति तर्जुमा गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- साना सिचाई योजना तथा प्लाष्टिक पोखरी सिचाई योजनालाई निरन्तरता दिइनेछ ।
- सिचाइ कुलो निर्माणमा प्राविधिक रुपले झन्झटिलो भएको मटेला सिचाइ योजनामा पाइपद्वारा सिचाई गर्ने व्यवस्था मिलाइने छ ।
- लिफ्ट सिचाईको नीतिलाई निरन्तरता लिदै दावली लिफ्ट सिचाई तथा खानेपानी आयोजना निर्माणका लागि संघीय तथा प्रदेश सरकारसगँ आवश्य पहल गरिनेछ ।

- कृषिमा आधुनिकीरण गर्न र कृषि पेसालाई जीवन निर्वाहको माध्यमका रुपमा विकास गर्न सम्भावित र स्रोत उपलब्ध स्थानहरुमा सिचाईलाई उच्च प्राथमिकतामा राखि सिचाईका योजनाहरु कार्यान्वयन गरिने छ ।
- कृषि वालीनालीको उत्पादन वढाउन परम्परागत सिचाई प्रणालीलाई व्यवस्थीत गर्न पानी भकारी आकाशे पानी संकलन पोखरी प्लाष्टिक पोखरी जस्ता कार्यक्रमहरुलाई अगाडी वढाई व्यवसायिक तरकारी खेती तथा नगदेवालीको उत्पादनमा जोड दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

## आर्थिक विकास

### उद्योग

- मेडपा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गरी युवाहरुका लागि सीपमुलक कार्यक्रम, ड्राईभिङ तालिम,कम्प्यूटर तालिम,सिकर्मी,डिकर्मी तालिम आदि संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- युवाहरुको रोजगारीका लागि वैदेशिक श्रम बजार माथिको परनिर्भरता घटाउन गाउँपालिकामा साना उद्योग स्थापना गर्न गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम मेडपालाई प्रभावकारी रुपमा अगाडी बढाउदै स्थानिय सिप विकासलाई बढावा दिइनेछ ।
- घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिदै कार्पेन्ट्री डकर्मी सिकर्मी तथा वेल्डिङ्ग तथा वेल्डिङ्ग र अटोपार्टस संचालनका लागि अनुदान दिने नीति अवलम्वन गरिनेछ ।

### कृषि

- कृषि संग सम्वन्धित कार्यक्रम संचालन गर्न कार्यक्रम कार्यान्वयन कार्यविधि निर्माण गर्दै कृषि उत्पादन तथा विक्रिमा अनुदान कार्यक्रमको निति अवलम्बन गरिने छ ।
- कृषि बजार व्यवस्थापनका लागि उचित व्यवस्थापनमा जोड दिँदै कोल्डस्टोर निर्माणका लागि आवस्यक पहल गरिने छ ।
- एक क्षेत्र एक उत्पादन कार्यक्रम नीति अवलम्वन गरी कृषी उत्पादन उद्योगलाइ प्रोत्साहन गरिनेछ । साथै ५ ओटै वडाहरुबाट १-१ जना गरी ५ जनालाई अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिने व्यवस्था मिलाईनेछ ।
- एक द्वार प्रणाली  मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा कृषक समूह दर्ता गर्ने व्यवस्था मिलाइने छ । यस अघि वडामा दर्ता गरिएका कृषक समूहलाई समेत अध्यावधिक गरी गाउ कार्यपालिकाको कार्यालयमा दर्ता गराइनेछ ।
- प्रविधिहस्तान्तरण कार्यक्रमलाइ निरन्तरता दिदै जडिवुटी खेती विस्तार गरिने छ ।

- सुख्खा तथा बाह्रै महिना सिंचाई अभाव भएका बस्तिहरुमा फलफुल बिरुवा रोपण कार्यमा बढावा दिइने छ जसका लागि छरिएर जाने हिउदे तथा बर्षे फलफुलका बिरुवा बितरणजोड दिइनेछ ।
- यस गाउँपालिकाका अधिकांश जनताको मुख्य पेशा भनेको कृषि भएकोले यस क्षेत्रको प्रवर्दन विकासको लागि कृषि सडक, सिंचाई सुविधा विस्तार, व्यवशायिक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।
- प्रविधि हस्तान्तरण तर्फ कृषक समुह,कृषक उद्धमीहरुलाई कृषि यान्त्रिकरण गर्नका लागि कृषि औजारहरुमाजोडदिइनेछ।
- तल्लो तटीय क्षेत्र एवम् खोला किनारमा सिचाईका लागि लिफ्ट प्रविधिमा जोड दिई उच्च सम्भावना रहेका वाली उत्पादनमा जोड दिईनेछ ।
- यस गाउँपालिकाको क्षेत्र भित्र उल्लेख्यरुपमा उत्पादन हुने मकै वालीलाई प्रर्वद्धन गर्न उन्नत विउ वितरणमा जोड दिदै माटो सुहाउँदो मकै विउमा अनुदान दिने निति अवलम्वन गरिनेछ मकै विऊ उत्पादनमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- आगामी आ.व.मा प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना सँगको साझेदारीमा आलु उत्पादन तथा वेमोसमी तरकारी उत्पादनमा थप क्लष्टरहरु समावेश गर्ने नीति अवलम्वन गरिनेछ ।
- साना सिंचाई, मझौला सिंचाई र बृहत सिंचाई योजनाको पहिचान र अभिलेखीकरण गरी नियमित सञ्चालनमा ल्याउन बिशेष योजना सहित संघिय र प्रदेश सरकार संङ्ग समन्वय गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा युवा महिला तथा कृषकहरुलाई विउ,मलमा अनुदान दिइ नगदे वाली तर्फ आर्कषित गरिनेछ ।
- एक गाउँ एक उत्पादन लाई मुर्त रुप दिन पकेट क्षेत्र पहिचान गर्दै कृषि तथा तरकारी खेतीमा व्यवसायीकरण गर्न युवाहरुको सहभागिता गराउने नीति अवलम्वन गरिनेछ ।

**<u>पशु</u>**

- पशु सेवा शाखाबाट सम्पादन गरिने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि निर्माण गरी लागु गरिनेछ ।
- कृषकहरुको व्यवशायिकतालाई पहिचान गरी अनुदान प्रदान गरिने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकावाट प्रदान गरिने अनुदानको निश्चित समयावधि पछि स्थलगत अनुगमन मार्फत प्रतिवेदन निर्माण गरी सार्वजनिक गरिने छ ।
- उन्नत नश्ल सुधार गर्न उन्नत जातका राँगो वोका वितरण तथा कृतिम गर्वधारण मिसन कार्यक्रम संचालनमा जोड दिइनेछ ।

- कृषि तथा पशुपंक्षी बीमा सेवा कार्यक्रमलाई अभियानको रुपमा संचालन गरीउक्त अभियानको अनिवार्यता मार्फत  कृषकको संभावित क्षतिको जोखिम घटाई उत्पादकत्व अभिवृद्धि गरिनेछ ।
- पशु वस्तुमा लाग्ने महामारी रोगका कारण हुने क्षति र कृषकहरुको लगानीमा हुने जोखिमलाई ध्यान दिदै यसको क्षति न्यूनिकरण गर्न नाम्ले तथा जुकाको औषधि र माहामारी विरुद्धका भ्याक्सीन अभियानका रुपमा सबै वडाहरुमा संचालन गरिने छ ।
- पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियानलाई निरन्तरता दिदै जै घाँस प्रवर्धनमा जोड दिइनेछ ।
- पशुपंक्षीको मासुको बजार प्रवर्धन गर्न सुरक्षित माशु पसल ब्यवस्थित गर्न आवश्यक सहयोग गर्ने अनुदान नीतिलाई निरन्तरता दिदै शुद्ध मासु पसल संचालनमा जोड दिइनेछ ।
- कुखुरापालन, भैसीपालन, बाख्रापालन,तर्फ युवा तथा कृषक लाई खोर समुहमार्फत अनुदान दिइ आयआर्जनमा जोड दिईनेछ ।

**<u>संस्कृति पर्यटन</u>**

- नवदुर्गा मन्दिरको गुरुयोजना निर्माण मार्फत सुद्रढीकरण गरी नियमिति पुजापाठको व्यवस्था मिलाईने छ ।
- संस्कृति संरक्षक तथा प्रवर्दन गर्ने कार्य अन्तर्गत गाउँपालिका भित्र रहेका देवलहरुको संरक्षणका लागि उचित व्यवस्था मिलाइने छ ।
- प्राकृतिक रुपले रमणीय स्थानमा रहेको नवदुर्गा गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको धनी भुमिमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणमा जोड दिने नितिलाई निरन्तरता दिइनेछ ।
- प्रसिद्ध मष्ठा भगवती क्षेत्र, नवदुर्गा भगवती, गौडेश्वर मन्दिर, अशिग्राम मणिलेक क्षेत्र, मष्ठा बैजनाथ क्षेत्र, मणिलेक मन्दिर, विजयासैनी समैजी मन्दिर, भुमिदेउली , गा.पा अन्तर्गत रहेका पासा र मसानी मन्दिरहरु आमतोडा र कोटेलीका  देवलहरु तथा कुणी दहको विशेष संरक्षण गर्न आवश्यक पहल गरिनेछ ।
- नवदुर्गा गाउँपालिका भित्र रहेका पुराना ऐतिहाँसिक महत्वका परम्परागत धरोहरको संरक्षण गर्न जोड दिईनेछ । पुराना पौराणिक ब्यक्तित्वहरुले लगाएका वर पिपल चौतारीहरुको संरक्षण र पुराना हुलाकि बाटाहरुको संरक्षणका लागि रोजगार संग जोडेर प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामकालागि नगदको नीति अवलम्बन गरिनेछ ।

**<u>सहकारी तथा गरिवी निवारण</u>**

- सहकारी संस्थाको गतिविधिलाई उत्पादनसंग आवद्ध गराइ सवै वडाहरुमा स्थानीय स्रोत साधनको उपयोग गरी उत्पादकत्व बढाउने सहकारीहरु स्थापनामा जोड दिइनेछ ।
- सार्वजनिक निजी क्षेत्र तथा सहकारी सहितको तीन खम्बे अर्थ नीति अवलम्वन गर्दै सहकारी क्षेत्रको बिकासमा सहभागिता सुनिश्चितता गर्न सहकारी मार्फत अनुदान वाट साना स्वारोजगारका कार्यक्रमहरुमा लागत सहभागिता गरिनेछ ।
- सहकारी प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासका लागि आवस्यक पर्ने सीप क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु अगाडी बढाईनेछ । गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुको प्रर्वद्धनमा जोड दिदै सहकारी क्षेत्रको बिकासमा जोड दिईनेछ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत अति गरिव परिवारका सदस्यहरु सम्मिलित उद्यम समुहहरुलाई रोजेको ब्यवसायका लागि आवश्यक अनुदान उपलब्ध गराइनेछ ।
- कृषि क्षेत्रमा जाने तथा पशुपालन तर्फ जाने साना अनुदान तथा प्रबिधि हस्तान्तरणका कार्यक्रमहरुलाई स्थानीय सहकारीमार्फत दिने ब्यवस्था मिलाउने र अनुगमन समेत सहकारीमार्फत सम्पन्न गरि प्रतिफल सुनिश्चित गर्ने ब्यवस्था मिलाईनेछ।

## सामाजिक विकास

### स्वास्थ्य

- यस गाउँपालिकाका आम नागरिकहरुको स्वास्थ्य जाँच तथा उपचार गर्न वर्षमा एकपटक विशेषज्ञ सेवा सहितको निशुल्क स्वास्थ्य शिविर प्रत्येक वडामा संचालन गरिनेछ ।
- वर्तमान कारोना कहरका बाबजुत पनि जेष्ठनागरिक अशक्त नागरिकहरुका लागि घरमै गइ सामान्य स्वास्थ्य जाँच तथा उपचार गर्न एक वडा एक सामुदायीक स्वास्थ्यकर्मीको नीतिलाई निरन्तरता दिइनेछ ।
- नियमित स्वास्थ्य जाँच, खोप कार्यक्रम, निदान तथा परामर्श सेवा, प्राथमिक उपचार सेवा लगायत स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने नियमित स्वास्थ्य सेवा कोरोनामहामारि लगायत अन्य कारणबाट प्रभावित हुन नदिन स्वास्थ्य कर्मीको उचित सुरक्षा सामाग्रीको व्यवस्था मिलाइनेछ ।
- मासिकरुपमा प्रत्येक वडामा गर्भवती लक्षीत निशुल्क अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवालाई निरन्तरता दिइनेछ ।
- २५ वुदे एकिकृत स्वास्थ्य तथा पोषण सम्वन्धी प्रतिवद्धता २०७६ को कार्यान्वयन भइरहेकोमा थप प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेका प्रयोगशाला सेवालाई थप सुदृढिकरण गर्दैस्वास्थ्य संस्थाहरुमा आफ्नै फार्मेसी सेवा विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

- यस गाउँपालिकाका गाउँघरक्लिनिक र खोप क्लिनिकको स्तरोन्नती गरि आधारभुत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पुर्वाधार विकास तथा व्यवस्थापनमा विषेश जोड दिई जनतालाइ सहज पहुँचको व्यवस्था मिलाइने छ ।
- पुर्ण पोषण मैत्री पालिका अभियान,पुर्ण संस्थागत सुत्केरी घोषणा अभियान र पुर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणालाई निरन्तरता दिइनेछ ।
- बिद्यालय भर्ना गर्दा अनिवार्य खोपकार्ड सहित जन्म दर्ता गराउदा संस्थागत सुत्केरी भएको कार्ड अनिवार्य गराई घरैमा हुने प्रशुती शुन्य गराउने नीति अवलम्बन गरिनेछ ।
- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायसंगको सहकार्यमा पाठेघर खस्ने (आङ खस्ने) सम्वन्धी समस्याहरुको स्क्रिनिङ गरि अप्रेशन गर्न शिविर सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको आँखा उपचार गर्न तथा मोती बिन्दुको अप्रेसन शिवीरहरु सञ्चालन गर्ने नीति लाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई एप सहितको मोवाइल बितरण भईसकेकोमा स्वास्थ्य सम्बन्धि सुचनाहरु संकलन गर्ने, बिशेष गरि घरमा हुने प्रशुती शुन्य पार्ने, जटील प्रकृतिका प्रशुतिहरुको समयमै सूचना प्रवाह गरि अकालमै ज्यान गुमाउने समस्याको समाधान सहित बालवालिकाको खोप र पोषणका लागि उक्त सूचना संकलन प्रणलीलाई प्रभावकारी रुपमा अगाडी बढाउन महिला स्वास्थ्य स्वयंसेवीका र स्वास्थ्य संस्थाहरुलाइ संचार खर्च उपलब्ध गराउने नीति लाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाका सुनौला हजार दिनका बालबालिका र आमाहरुको पोषणमा सुधारको लागि संचालनमा रहेको पोषण चौतारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- चारपटक गर्भ जाँच गरि संस्थागत प्रसुती सेवा दिने आमालाई उपाध्यक्षको कोसेली कार्यक्रम अन्तरगत एक क्यारेट अण्डा दिने व्यवस्था मिलाइनेछ ।
- आयुर्बेद चिकित्सा लाइ विशेष प्रोत्साहन गर्नका लागि विशेष योजना र कार्यक्रम गर्ने नीति अनुरुप नागरिक आरोग्य केन्द्र स्थापना भइ सकेकामा थप प्रभावकारी बनाउन नागरिक आरोग्य केन्द्रलाइ आवश्यक पुर्वाधार सहित औषधि उपचारका लागि आवश्यक सामग्री उपलब्ध गराउने तथा आर्युवेदिक औषधालय मणिलेकमा आवश्यक उपकरण सहित आर्युवेदिक चिकित्सालाई बढावा गर्न नागरिकको पहुच अभिबृद्धि गर्न जोड दिइनेछ ।
- मणिलेक आयुर्वेदिक औषधालयको भवन निर्माणका लागि सघीय तथा प्रदेश सरकारसगँ आवश्यक पहल गरिनेछ ।
- अनिच्छित गर्भलाई सुरक्षित तरिकाले गर्भपतन गराउन सुरक्षित गर्भपतन सेवा थप स्वास्थ्य संस्थाहरुमा विस्तार गरिनेछ ।

- आयुर्वेदिकस्वास्थ्यकेन्द्रकोभवनकालागीसंघतथाप्रदेशसरकारसंगसमन्वय गरि बजेट व्यवस्थापनका लागि आवश्यक पहलगरिनेछ।
- खोपसेवालाईथपप्रभावकारीरसुदृढगर्नकालागीपालिकाकोकेन्द्रमाकोल्डचेनसवसेन्टरकोस्थापनागरिनेछ।
- यस गाउँपालिकामा रहेका आँखा सम्बन्धी समस्या भएका व्यक्तिहरुको सामान्य जाँच तथा उपचार गर्न मणिलेक स्वास्थ्य संस्थामा आँखा उपचारकेन्द्रयसै वर्ष देखि सञ्चालनमाल्याइनेछ ।
- सुरक्षितमातृत्वतथाप्रजननस्वास्थ्यअधिकारसुनिस्चितगर्ननवदुर्गागापाअन्तर्थतकाकार्यालयहरुमास्तन पानकक्षनिर्माणगरिनेछ।
- गाउँपालिकाले निर्माण गरेको स्थानीय तहको स्वास्थ्यक्षेत्रकोआवधिकयोजनालाईपुर्णकार्यान्वयनमा ल्याईने छ।

**<u>शिक्षा</u>**

- सामुदायिक विद्यालयहरुमा अंग्रेजी विषयको गुणस्तर सुदृढ गर्ने नीति अवलम्वन गरिने छ ।शिक्षण सिकाई प्रभावकारिताका लागि आन्तरिक काजमा शिक्षक सरुवा व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।
- कक्षा ५ र ८ को पालिका स्तरीय अन्तिम परिक्षाको व्यवस्थापन तथा संचालन गर्न आवस्यक व्यवस्थापन गरिने छ ।
- गाउँपालिका शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षा ऐन तथा नियमावली निर्माण गरिने छ ।
- स्वयंमसेवक शिक्षक परिचालन पद्धतिलाइ व्यवस्थित एवं बैज्ञानिक तुल्याइने छ ।
- आगामी शैक्षिक सत्रदेखि गाउँपालिका भित्रका विद्यालयहरुका विद्यार्थीहरुको पोशाकमा एकरुपता तथा परिचयपत्र व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।
- स्थानीय पाठ्यक्रमकक्षा ६-८ को निर्माण गरिने छ र कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण भइ सकेकोले स्थानीय पाठ्यपुस्तक र सन्दर्भ सामग्री निर्माण तथा वितरण गरिने छ ।
- विद्यालय र गाउँपालिकाको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा विद्यार्थी भर्ना अभियान संचालन गरिनेछ र आधारभुत विद्यालय उमेर समुहका आफ्ना परिवारमा वालवालिकाहरुलाइ विद्यालय भर्ना नगराएमा कानुन बमोजिम दण्डित गरिने र गाउँपालिका वाट प्रदान गरिने सेवावाट वञ्चित गराइने छ ।
- गाउँपालिकामा गाउँ शिक्षा समिति मातहत रहने गरि प्रारम्भिक वाल विकास उप समिति गठन गरिने छ ।
- समुदायमा रहेका वाल विकास केन्द्रहरुको स्थलगत अनुगमन र निरीक्षण गरिनेछ र मापदण्डका आधारमा विद्यालयमा गाभिने छ ।

- शैक्षिक व्यवस्थापनको क्षमता अभिवृधि तथा संस्थागत विकासमा निमित्त प्रधानाध्यपक¸शिक्षक¸CLC,वालविकास कर्मचारी एंव व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्दै विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गरिनेछ ।
- शिक्षकहरुको उत्प्रेरणा¸पेशागत नैतिकता र सक्षमता अभिवृद्धि गर्ने तालिम तथा आवश्यकता अनुसार अन्य कार्यक्रमहरु संचालन गरिनेछ ।
- शिक्षकलाइ शिक्षण पेशाप्रति जवाफदेही वनाउने नीति अवलम्बन गरिने छ ।
- शिक्षकको कार्य सम्पादन मुल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाइनेछ ।
- विद्यालय व्यवस्थापनलाइ प्रभावकारि वनाउन विद्यालयले समुदाय तथा अभिभावकहरु संग निरन्तर संवाद र अन्तरक्रिया गर्ने व्यवस्था गरिनेछ ।
- शिक्षकलाईसूचना प्रविधिमा आधारित तालिमको व्यवस्था मिलाइने छ ।
- गाउँको सवैभन्दा पूरानो विद्यालयको रुपमा रहेको वडा नं.२ को भुवनेश्वरी मावि वडवसन्तपुरलाई प्राविधिक शिक्षा तर्फ कृषि जेटिए अध्ययनका लागि संघीय तथा प्रदेश सरकारसगँ पहल गरिनेछ । स्नातकतहको क्याम्पस सचालनका लागि आवश्यक पहल गरिने छ ।
- माध्यमिकतहमाप्रविधिकधारकाविद्यालयहरुकोस्तरोन्नोतीगरिनेछ।
- गाउँपालिकामा रहेका विद्यालयहरुमा “विद्यालयमा नर्स कार्यक्रम” छनोटका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- वर्तमान नोवल कोरोना भाइरसको जोखिम कायमै रहेको सन्दर्भमा वैकल्पिक सामाग्रीको समेत प्रयोग गरी शैक्षणिक गतिविधिलाई नियमितता दिन सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- नवदुर्गा गाउँपालिका भित्ररहेका सबै सामुदायीक र निजी बिद्यालयहरुमा जन प्रतिनिधिद्धारा चौमासिक रुपमा कम्तीमा एक पटक अनुगमन गरिने र अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवस्यक पर्ने चेकलिष्ट तयार गरिने नितिलाई निरन्तरता दिदै थप प्रभावकारी सघन अनुगमनलाई तिव्रता दिइनेछ ।
- सामुदायिक विद्यालयको स्तरोन्नति र विद्यालय शिक्षाको गुणस्तरमा बृद्धि हुने गरी प्रविधि र सुबिधायुक्त बनाउन कम्तिमा १ वटा बिद्यालयलाइ नमुना बिद्यालयको रुपमा छनोट गरिगुणस्तरसुनिश्चतताकालागि व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र संचालित सबै सामुदायीक सरकारी र निजी बिद्यालयमा शैक्षिक गतिबिधीमा एकरुपता कायम गरि सबै अतिरिक्त क्रियाकलापमा समेत एकरुपता कायम गर्न गाउँपालिका स्तरको शैक्षिक क्यालण्डर निर्माण गरि कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षाको गुणस्तरीयता र समानतामा आधारित वनाउन गाउँपालिका स्तरिय परिक्षा प्रणालीको विश्वसनियतमा जोड दिदै गाउँपालिका स्तरीय परिक्षाको निश्पक्षतामा जोड दिईनेछ ।

- प्राबिधिक बिषयको विद्यालय सञ्चालनका लागी वडा नं १ मा संचालन हुने प्राबिधिक बिद्यालयको क्षमता अभिबृद्धि गर्दै थप नयाँ बिद्यालयहरुमा प्राबिधिक नयाँ बिषयका साथ संचालन गर्न संघीय सरकार सँग आवश्यक पहल गरिनेछ ।
- सबै वालवालिकालाई माध्यामिक तह सम्म कम्प्यूटर शिक्षा दिईने गरी बिद्यालयलाई आवश्यक भौतिक पुर्वाधार वाह्य वातावरण शौचालय आई.सिटि.ल्याव पुस्तकालय विद्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- यसै वर्ष देखि कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत किशोरी छात्राहरुलाई सेनेटरी प्याड वितरण गरी महिनावारी स्वच्छतामा जोड दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा शौचालयको व्यवस्थापन गर्दै खानेपानीको नियमित आपुर्तिको व्यवस्था मिलाई कार्यालय परिसर सरसफाई गर्ने व्यवस्था मिलाईने छ ।
- गाउँ शिक्षा समितिको मातहतमा ५ वटै वडा अन्तरगत वडा शिक्षा समिति गठन गरिनेछ साथै सो समितलाई आ आफ्नो वडाको शिक्षा क्षेत्रको अनुगमन नियमन एवं व्यवस्थापन गर्नका लागि जिम्मेवार बनाइनेछ ।

**<u>सरसफाइ तथा स्वच्छता</u>**

- कोरोना माहामारीबाट बच्न ब्यक्तिगत सरसफाइमा बिषेश ध्यान दिनुपर्ने मुख्य गरि सावुन पानीले हात धुने विश्व स्वास्थ्य संगठनको मापदण्ड वमोजिम हातमुखको सरसफाई तथा व्यक्तिगत सरसफाईलाई हरेक कामकाज सँग जोडेर अभियानात्मक रुपमा प्रवर्धन गरिनेछ ।
- सबै सरकारी कार्यालयहरु विद्यालयहरु लगायत सार्वजनिक निकायमा प्रवेश गर्दा अनिवार्य सावुन पानीले हात धुने बानीको विकास गर्न आवश्यक पर्ने सामग्रीको उपलब्धता सुनिश्चित गराइनेछ ।
- यस नवदुर्गा गाउँपालिका भित्र रहेका वस्तीमा धुवा रहित चुलो निर्माण गर्न सम्वन्धीत संघसंस्था संग पहल गरि धुवारहित गाउँपालिकाको रुपमा कार्यक्रमहरु अगाडी बढाइने छ । साथै बैकल्पिक उर्जाका स्रोतहरुको खोजी गर्दै बायो ग्याँस,रकेट चुलो ,सौर्य उर्जा जस्ता कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइनेछ ।
- नवदुर्गा गाउँपालिका वासीलाई शौचालयको व्यवस्थित प्रयोग गर्नका लागि प्रोत्साहित गरिनेछ ।

**<u>लैगिंकसमानतातथामहिलासशक्तिकरण</u>**

- लैगिंकसमनातातथासमावेशीकरणनीतिनिर्माणगरीकार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी बजेट विनियोजन पध्दतिलाई सस्थागत गरिनेछ ।

- विद्ययमान अवस्थामा सामाजिक कुरीतका रुपमा रहेको घरेलु हिंसा न्युनिकरण गर्न तथा घरेलु हिंसावाट पिडित तथा कमजोर आर्थीक अवस्था भएकाहरुका लागि उचित व्यवस्था गरिनेछ ।
- एकल महिलाहरुका लागि आयआर्जका स्रोतहरुको पहिचान गरि उचित व्यवस्थापन गरिनेछ ।
- एकल महिलाहरु मात्र समावेश हुने गरि प्रतेक वडामा कम्तिमा ५ ओटा उपभोक्ता समिति गठन गरि सामाजिक कार्यमा संलग्न गर्ने व्यवस्था मिलाइने छ ।
- छाउपडी प्रथालाइ निरुत्साहित गर्दै उक्त अवस्थामा महिलाको जीवनशैली व्यवस्थित गर्न सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।
- आपतकालिन अवस्थामा हिंसामा परेका पिडित महिलाका लागि गाउँपालिकामा सुरक्षित गृह(सेफ हाउस) निर्माण गरिने छ ।
- समाजिक सुरक्षा तथा सरकारवाट कुनै प्रकारको संरक्षण प्राप्त गर्न नसकेका परिवार एंव सामाजिक रुपमा वंचितीकरणमा परेका एकल पुरुषहरुको जीवन निर्वाहलाइ सहज तुल्याउन आवश्यक व्यवस्था गरनेछ ।
- बालिकाहरुलाइ सशक्तिकरण गर्ने, लैङ्गिक समानता हसिल गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण समिति गठन गरिने छ ।
- यस स्थानीय तहबाट संचालन गर्ने हरेक कार्यक्रम गर्दा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण सम्वेदनशीलता कायम गरिनेछ ।
- बार्षिक रुपमा लैङ्गक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी वजेट परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।
- कार्यालयमा हुन सक्ने कुनै प्रकारका दुरव्यवहार भेदभाव र महिला हिंसा नियन्त्रणका लागि आचार संहिता बनाइनेछ ।
- महिलाहरुमा पर्ने सामाजिक असर कम गर्न एवम घरेलु हिंसाका कारण समस्यामा परेका महिलाहरुका लागि मनो परामर्शका कार्यक्रमहरु अगाडी वढाइने छ ।
- सामुदायिक संस्था, सहकारी तथा संजालहरुको विकास सशक्तिकरण आयआर्जन तथा सीप क्षमता अभिवृद्धिका लागि विषेश योजना बनाई कार्यान्वयन गरिनेछ ।
- एकल महिलाहरुका लागि विगत वर्षहरु झै आयआर्जनका कार्यक्रम कुखुरा वाख्रा पालन व्यवसायीक तरकारी खेतीका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- एकल महिला संजाल गठन गरी महिलाहरुलाई सामुहिक तरकारी खेती जस्ता कार्यक्रममा आबद्ध गराईनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिसां मानव वेचविखन, विभेद तथा असमानता विरुद्ध जनचेतना अभिवृद्धि गर्न अन्तराष्ट्रिय श्रमिक महिला दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान लगायतका दिवशहरुमा सचेतीकरणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकाका सबै भौतिक पुर्वाधारका आयोजनाहरुमा महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजनालाई प्रथमिकता दिई उनिहरुको आय आर्जनमा जोड दिने खालका आयोजना संचालनमा गाउँपालिकाको प्राथमिकता सुनिश्चित गरिनेछ ।
- महिलाहरुको शैक्षिक स्तर उकास्न खुल्ला शिक्षा, किसोरीहरुका लागि विशेष कार्यक्रम, छाउपडी लगायत लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।
- एकल असहाय महिलाहरुका बालबालिकाहरु लाई उच्च शिक्षाका लागि छात्रबृत्तिको ब्यवस्थालाई निरन्तरता दिईनेछ ।
- छाउपडी प्रथाको न्युनिकरणमा जोड दिन अभियानात्मक तथा प्रर्वद्धनात्मक कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।
- किशोरीहरुको जिवनोपयोगी सिप विकासगर्न किशोरी शिक्षा कार्यक्रम थालनी गरिने तथा किशोरीहरुको संगठित विकासका लागि किशोरी क्लव तथा किशोरी संजाल गठन गरि उनीहरुको शसक्तिीकरणमा जोड दिइनेछ ।

**<u>दलित</u>**

- दलित वस्तिमा सरसफाई कार्य गर्न जनचेतनामुलक कार्यहरु संचालन गरिनेछन् ।
- दलितहरुको परम्परागत सीपहरुको पुन उत्थान गरि व्यवसायिकरण गर्ने कार्यको व्यवस्था गरिनेछ ।
- दलित तथा सिमान्तकृत वर्गको उत्थानको लागि कार्यक्रम बनाई लागु गरिने छ ।
- परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागु गरिने छ ,जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष व्यवस्था गरिने छ हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको निशुल्क शिक्षाको आवश्यक व्यवस्था मिलाइनेछ ।
- बिपन्न दलितका छात्र छात्रा हरुलाई शिक्षाको मुल प्रवाहीकरणमा ल्याउन प्राबिधिक शिक्षाको सुनिश्चितता गर्न दलित छात्रबृत्ती कार्यक्रम लाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय आरक्षण नीतिको परिपालनलाई आत्मसात गर्दै गाउँपालिका बाट संचालन हुने सबै खाले आयोजना तथा कार्यकार्यमहरु, रोजगारका अवसरहरुमा दलित बिपन्नहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन हुने रोजगारका कार्यक्रमहरुमा बिपन्न र पछाडी परेका गरिव दलित तथा सिमान्तीकृत बर्गहरुको प्रथमिकताका साथ सहभागिता गराईनेछ ।
- दलित जातीहरुमा रहेको परम्परागत सीपमा आधारित पेशालाई व्यवशायिकरण तर्फ उन्मुख गर्न आधुनिक औजार सिलाई मेशिन,आरन सेट जस्ता सामग्री उपलब्ध गराई गरिवी

निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा अन्तरगत परम्परागत सीप विकासलाई आधुनिकीकरणमा जोड दिइनेछ ।

- दलित विपन्न नागरिकहरु को रुचि वमोजिमको सीप विकास गर्न सिकर्मी डकर्मी कार्पेन्टी जस्ता तालिमहरुको आयोजना गरी आयआर्जनमा अभिवृद्धि हुने खालका कार्यक्रमहरु कार्यान्वयनमा जोड दिईनेछ ।
- मुक्त हलिया कार्यक्रम अन्तरगत छुट हुन गएका हलिया पुनरस्थापनका लागि संघीय सरकारसगँ आवश्यक पहल गरिनेछ ।

**<u>युवा तथा खेलकुद</u>**

- स्थानीय युवा नीति निर्माण गरी क्षमता पहिचान मार्फत युवालाई उध्दम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गरिनेछ ।
- यूवाको क्षमता विकास कार्यक्रम लोकसेवा तयारी कक्षा ड्राईभिङ तालिम कम्प्यूटर तालिम आदि संचालन गरिने व्यवस्था मिलाइने छ ।
- विभिन्न स्तरमा खेलकुद प्रदर्शनका लागि यूवाहरुको क्षमता विकासका लागि खेलकुद कार्यक्रमहरु संचालनको व्यवस्था मिलाइने छ ।
- बैदेशिक रोजगारिमा गएका यूवाहरुका तथ्याङ्क अभिलेखीकरण गर्ने कार्यको व्यवस्था मिलाइने छ।
- युवा क्लव गठन गर्ने पद्धति व्यवस्थित गरिनेछ साथै गठित यूवा क्लव नविकरण गरी सामाजिक कार्यकालागि परिचालन गरिनेछ ।
- युवा युवतीहरुका लागि विकास आयोजना लगायत प्रधानमन्त्री रोजगार कार्यक्रममा वढी से वढी सहभागिता गराई उनीहरुको सिमित भए पनि रोजगारीको उचित व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।
- युवाहरुलाइ कृषि तथा पशुपालन तर्फ आकर्षित गर्न सामुहिक बाख्रापालन तथा सामुहिक तरकारी खेती तर्फ आर्कर्षित गर्न अनुदान निती अवलम्बन गरिनेछ ।
- युवालाई आत्मनिर्भर,स्वावलम्वी र समाजविकासमा सक्रिय बनाउदै रोजगार सिर्जनाका अवसरहरुको खोजी गरिनेछ ।
- कृषि क्षेत्रमा युवाहरुको घटदो आकर्षण लाई निरुत्साहित गरि आर्थिक बिकासको मुल आधार कृषिमा आधनिकीकरण सहित युवा अनुदानमा बढोत्तरी गरि कृषि उत्पादनको प्रतिफलबाट युवाहरुको आय आर्जनमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- वढ्दो युवा वेरोजगारीलाई मध्यनजर गरी हाउसवायरिङ्ग पलम्वीङ्ग मोटरसाइकल मर्मत रेडियो घडी मर्मत मोवाइल मर्मत ड्राइभिङ्ग जस्ता तालिमहरु प्रदान गरी युवाहरुलाई स्वरोजगार वनाउने कार्यलाइ निरन्तरता दिइनेछ ।

- विद्यालय स्तरमै खेलकुदको विकास गर्न आवश्यक खेल सामग्रीहरु प्रदान गरिने  र खेल मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वडास्तरमा संचालन हुने खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिदै साना तथा बस्ति स्तरका खुला स्थानमा खेलकुदका लागि खेल मैदानका रुपमा विस्तार गर्ने निती अवलम्वन गरिनेछ ।

**बालवालिका**

- वाल संरक्षण नीति निर्माण मार्फत वालविवाह निरुत्साहित गर्दै असहाय,अनाथ,अपाङ्गता भएका,असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई संरक्षण र सवर्द्धन गरिनेछ ।
- प्रत्येक विद्यालयमा वाल क्लवहरु गठन गर्ने साथै वडा स्तरीय र गाउपालिका स्तरीय वाल क्लव गठन गर्ने र गाउँपालिकामा बालसंरक्षण अधिकारीको व्यवस्था गरिनेछ ।
- वालवालिकाको विकासका लागि बाल मैत्री अभियान संचालन मार्फत वाल मैत्री स्थानिय शासनका लागि आवश्यक सुचकहरु अवलम्बन गरिनेछ ।
- बालबालीलका शान्ती क्षेत्रलाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पुर्ण प्रतिबनध लगाइने छ ।
- बाल यौन शोषण ,बाल हिंसा र बालश्रम निवारणका लागि गुरु–योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- सहिद वेपत्ताका छोरा छोरीहरु वावाआमा गुमाएका टुहुरा वालवालिका हरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने निति सँगै उनीहरुको पालन पोषण को उचित प्रवन्ध मिलाइने छ ।
- विद्यालय तथा वडा स्तरमा बाल क्लवहरु गठन गरि बाल  केन्द्रित गतिविधिका लागि आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**बृद्ध/वृद्धा जेष्ठ नागरिक**

- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्दै उनीहरुले जीवन भोगाइवाट सिकेका पाठहरुको आत्मीकरण गरिनेछ ।
- बृद्ध बृद्धाहरु वोझ होइनन मार्ग दर्शक हुन सम्मान गरौं भन्ने मुल मन्त्रका साथ जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकहरुले पाउदै आएको सामाजिक सुरक्षा भत्ता वैङ्क सगँको समन्वयमा टोलटोलमा सहज तरिकाले उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

- बहिष्करणमा परेका वृद्ध वृद्धा को पुर्न स्थापना कार्यक्रम, हातहातमा समाजिक सुरक्षा भत्ता कार्यक्रम ,स्वास्थ्य चेकजाँचका लागि आखा शिविर,स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

**<u>अपाङ्गता</u>**

- अपांगता शिवीर संचालन गरी अपाङ्गता परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माणमा जोड दिँदै अपाङ्गता भएका व्यक्तीहरुको क्षमता विकासका लागि विभिन्न सीप विकास कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्रीको वितरणको व्यवस्था मिलाईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास,विभेद र हिसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन तथा स्वरोजगारमुलक कार्यक्रमतिर प्रोत्साहित गरि आत्मनिर्भर तथा जीवन जीउन उत्प्रेरित गरिनेछ ।
- सार्वजनिक स्थान, कार्यालय र विद्यालयहरुमा अनिवार्य रुपमा अपांगता मैत्री संरचना निर्माण गरि यस्ता कार्यालयहरुको शौचालय तथा भौतिक संरचनाहरु अपाङ्ग मैत्री बनाउन जोड दिइनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवस्यक पर्ने सहायक सामगृ सेतो छडी,बैशाखी, हवील चेयर जस्ता अपाङ्ग सहयोगी सामगृ बितरणमा जोड दिईनेछ ।
- अपाङ्गता भएका ब्यक्तीहरुलाई संगठित गर्न उनीहरुको वडा तथा गाउँपालिका स्तरिय संजाल गठन गरि उनीहरुकै अर्थपुर्ण सहभागितामा अपाङ्गता भएकाहरुको कार्यक्रम संचालन गर्न जोड दिईनेछ ।

**<u>विजुली बत्ती तथा उर्जा</u>**

- **नवदुर्गा उज्यालो कार्यक्रम** अन्तर्गत विभिन्न स्थानहरुमा विद्युतका पोल गाडिएका, तार तान्न बाँकी रहेका वस्तीहरुमा विद्युत सेवा पुर्याउन र सबै अलपत्र परेका विद्युत लाइनहरु को पुर्णता का लागि आवश्यक व्यवस्था मिलाउन विद्युत प्राधिकरण सँग समन्वय एवम सहकार्य गरिनेछ ।
- यस पालिकालाई उज्यालो गाऊँ पालिका वनाउनका लागी बिद्युत सेवा नपुगेका बस्तीलाई प्राथमिकताकासाथ अगाडी बढाउन पहल गरिनेछ।
- साना तथा स्थानीय स्तरमा बिद्युत उत्पादन गर्ने लघु जलबिद्युत आयोजना चामा लघु जलबिद्युत चलकट्टे माईक्रो हाइड्रोको क्षमता बृद्धिमा जोड दिई मर्मत कार्य समेत गर्ने ब्यवस्था मिलाइनेछ ।

- पर्यटकीय महत्व बोकेका मठ मन्दिरहरुमा र सार्बजनिक स्थान तथा स्थानिय बजारहरुमा सौर्य सोलार बत्ति जडान गरि गाउँपालिका उज्यालो कार्यक्रम अघि बढाइने छ ।
- विगत लामो समय देखि चर्चामा मात्र सिमित रहेको पश्चिम सेती जलविद्युत आयोजना निर्माणका लागि संघीय सरकारसँगजोडदार पहल गरिनेछ ।

**विपद, राहत तथा आर्थिक सहायता**

- विपद उत्थानमैत्री शासन पद्धति सुदृढ बनाउन आवश्यक नीतिगत,सस्थागत र कार्यपद्धतिमा सुधार गरिनेछ ।
- विपदजन्य कार्यका लागि कानुन तथा कार्यविधिको निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका तथा वडामा विपदजन्य सामाग्रीहरु अद्यावधिक अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।
- विपद व्यवस्थापन,विपद पुनस्थापना विपद प्रतिप्रतिकार्यकालागि क्षमताअभिवृद्धिगर्न विभिन्न विकास साझेदार संस्था संग समन्वयगरी कार्यक्रम संचालन गरिने छ ।
- विपद जोखिमको पूर्वानुमान अनुगमन पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति क्षमता र प्रविधिको विकास र सुदृढिकरण गर्न सरकारि,नीजि गैरसरकारि सघंसस्थाहरुसगँ सहकार्य गरिनेछ ।
- लैङ्कि हिंसा ,बैदेशिक रोजगारी र मानव वेचविखनमा परेका पीडित तथा प्रभावितहरुका लागि आपतकालिन अवस्था भएमा वा अन्य श्रोतबाट सहयोग उपलब्ध हुन नसकेको प्रमाणित भएको अवस्थामा पीडित एवं प्रभावितको आवश्यक सहयोगको लागि पालिका स्तरिय राहत तथा सहयोग कोषको ब्यवस्थित परिचालन गरिनेछ । बिपन्न तथा गरिब पहिचानका आधारमा कडा रोगको सिकार भई उपचारमा समस्या भएका बिरामीहरुको उपचारमा सहयोग गर्न कोष संचालन कार्यान्वयन गरिनेछ ।
- आमाबुबा दुवै गुमाएका नाबालक टुहुरा बालबालिका, असहाय महिला, निसन्तान एवम सन्तानवाट संरक्षण नपाएका नागरिकहरु एवम विभिन्न कारणले सामाजिक वञ्चितीकरणमा परेका नागरिहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन उनिहरुलाई प्रदान गरिदै आएको मासिक वृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**वन तथा वातावरण**

- जलवायू परिवर्तन अनुकुल कार्यक्रम संचालन गर्दै हरित नवदुर्गा अभियान अन्तर्गत वृक्षारोपण वन संरक्षण,वनको दिगो उपयोगमा जोड दिईनेछ ।

- गाउँपालिका तथा वडा कार्यालय परिसरको जैविक अध्ययन, बायो इन्जिनियरिङ गरी वृक्षारोपण गरिने छ ।
- छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि वृक्षारोपणकार्यलाई प्रोत्साहन गरिनेछ ।
- वैज्ञानिक वन व्यवस्थापन योजना कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनुका साथै ढलापडा सुख्खा खडा रुखहरु को छटनीका नाममा भइरहेको वन फडानीलाई नियन्त्रण गर्न नियमनकारी निकायको समन्वयमा आवश्यक कार्यक्रमहरु अगाडी वढाइने छन ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरुका किनारामा वृक्षारोपण गरि हरित सडक निमार्ण गर्दै वन वातावरण जोगाउने कार्यक्रममा सडकमा काम गर्ने स्थानीय मर्मत सम्भार समुहलाई वृक्षारोपण सँग समेत जोड्दै हरित सडक निर्माणमा जोड दिइने नीति अवलम्वन गरिनेछ ।
- उर्जा को मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरता लाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरु प्रयोगमा जोड दिईनेछ ।
- पूर्वाधार विकाससम्बन्धी आयोजना-कार्यक्रम तर्जुमा गर्दा श्रममूलक तथा बातावरणमैत्री (IEE र EIA) प्रविधिको प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरिने छ ।

**<u>सूचना तथा संचार</u>**

- यस स्थानीय तह भित्रका सवै सार्वजनिक संस्थाहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ ।
- यस स्थानीय तह भित्रका टेलिफोन सेवा अवरुद्ध हुने क्षेत्रहरु अडेडीगडा,डाडावन,चामामा टेलिफोन सेवा सहज तुल्याउन टावर निर्माणका लागी नेपाल टेलिकमलाई पहल गरिनेछ ।
- सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचार कर्मीहरु संग सहकार्य गरिनेछ । निश्चित आधार तथा मापदण्ड निर्धारण गरी सञ्चार माध्यमहरुको वर्गीकरण तथा विशिष्टिकरण गरिने छ ।
- सूशासन परियोजनाको सहयोगमा स्व साशन प्रवद्र्धनका लागि अनलाइन प्रणाली प्रयोगमा ल्याइनेछ । गाउँपालिकाको आफ्नै मोवाइल एप, अडियो मेसेजिङ्ग प्रणाली, टेक्स्ट मेसेजिङ्ग प्रणाली, डाटा पोर्टल पुर्णतः प्रयोगमा ल्याउन थप पहल गरिनेछ र सवै जनताको जानकारीका लागि प्रचार प्रसारमा जोड दिइनेछ ।
- स्थानीय रेडियो पत्रपत्रीका जस्ता संचार सामग्रीहरको प्रयोग गरी गाउँपालिकाका सबै गतिविधीहरुको जानकारी संचार माध्यमहरुको अधिकत्तम उपयोग गर्ने निति अवलम्वन गरिनेछ ।
- आगामी आ.व.देखि चेकलेस प्रणाली,सरकारी सम्पत्तीको लेखाङकन प्रणाली (पाम्स) लाइ प्रभावकारी रुपमा लागु गरिनेछ ।

**<u>सुशासन, सेवा प्रवाह र जनशक्ति विकास</u>**

- गाउँपालिकाको पार्शचित्र, आवधिक योजना, मध्यकालिन खर्च संरचना र परियोजना बैक निर्माण मार्फत पालिकीय गतिविधहरुलाई प्रभावकारी तुल्याईनेछ ।
- गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट नेटवर्किङ्ग गर्दै ई–गभरनेन्स सेवा प्रारम्भ गर्न यसै वर्ष सबै वडाहरु मा इन्टरनेट जडानका कार्यहरु सम्पन्न भइसकेकोमा राजस्व असुली आन्तिरिक आम्दानीको व्यवस्थीत अभिलेखीकरण समेत सुशासन परियोजनाको सहयोगमा इ सिफारिस समेत कार्यान्वयन गर्दै ई–गभरनेन्स सेवा कार्यान्वयनमा ल्याइनेछ ।
- सार्बजनिक प्रशासनमा न्युन जनशक्तीको अधिकतम प्रयोग गर्न व्यवस्थापकीय तालिम अन्तरगत कम्प्युटर तालीम,कार्यालय ब्यबस्थापन तालीम प्रविधिकहरुका लागि अटोक्याट तालिम जस्ता तालिमहरुको आयोजना गरि कर्मचारीहरुलाई उच्च मनेवलका साथ काम गर्ने वातावरण सिर्जना गर्न चालु आ.व. मै आवश्यक व्यवस्था गरिएकोमा कोरोना माहामारीका कारण सम्पन्न हुन नसकेकाले आगामी आ.व.मा तालीमको सुनिश्चितता कायम गर्दै कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास योजना तयार पारि कार्यान्वयनमा ल्याइनेछ ।
- भ्रष्टाचारमा शुन्य सहनशीलता प्राथमिकताका साथ लिई सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाइनेछ ।
- स्थानीय तहको सस्थागत स्वमुल्याङ्कन कार्य (लिजा) लाई प्रभावकारिरुपमा अवलम्बन गरिनेछ ।उच्चतम नतिजा प्राप्त गर्न कमजोर क्षेत्रहरु पहिचान गरि समयमै सुधार गरिनेछ ।
- खरिद प्रक्रियालाई व्यवस्थित बनाउन खरिद योजना तयारी र कार्यान्वयनलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिकाको विकासमा उत्कृष्ट काम गर्न कर्मचारिहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि करको दायरा विस्तार एव करका विद्धमान दरलाई समयसापेक्ष बनाइनेछ ।
- स्थानीय सचितकोष व्यवस्थापन प्रणाली र सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीका नयाँ विकसित मोडेलहरु नेपाल सरकारसगँको समन्वयमा कार्यान्वयनमा ल्याइनेछ । साथै आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई वित्तीय सुशासन कायम गर्न चेकरहित विद्युतीय कोष हस्तान्तरणको अधिकतम् प्रयोग गरिनेछ ।
- सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दे आन्तरीक खर्चलाई चुस्त बनाईनेछ र कार्यालयवाट हुनेअधिकांश भुक्तानी भएसम्म सोझै सेवाग्राहिको बैक खातामा जम्मा गर्नेव्यवस्था मिलाइनेछ।
- अर्थतन्त्रमा देखा परेका चुनौतिलाई सामना गर्न नवदुर्गा गाउँपालिकामा पूजिगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ । अति आवश्यक वाहेक नयाँ सवारि साधन खरिद गरिने छैन ।

**उपाध्यक्ष ज्यू सहित सभाका सदस्यज्यूहरु,**

उपर्युक्त नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा  सघाउ पुग्ने गरी संघ तथा प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान,सम्पुरक अनुदान, विशेष अनुदान,राजश्व बाँडफाडबाट प्राप्त हुने रकम,आन्तरिक श्रोतको रकम लगायत अन्य जुनसुकै तवरबाट यस स्थानीय तहलाई प्राप्त हुने रकम गाउँबासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहित यसै गाउँसभाको बैठक समक्ष पेश गरिने व्यहोरा गाउँसभाका सदस्य ज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमले आम गाउँबासीको समस्या,माग र आवश्यकतालाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुर्याउनु हुने नेपाल सरकार,प्रदेश सरकार,राजनीतिक दल,सम्पुर्ण जनप्रतिनिहरुधिहरु,सरकारी निकाय,सहकारी क्षेत्र,सामाजिक संघ सस्था,विकास साझेदार,निजीक्षेत्र, समस्त सञ्चार जगत तथा नागरिक समाज,सल्लाहकार,राष्ट्रसेवक र सम्पुर्ण गाउँवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

मिति : २०७९।०३।१० गते